# समाचार सन्देश

वर्ष १३, अङ्क ११   आई.पी.एस्. लेख रचनाको सँगालो, असार ३२-साउन १५, २०६४ (जुलाई १६ - ३१, २००७)

# तालिवानीको आँखामा बुर्का नलगाएका किशोरीको अनुहार

– आसफाक युसुफजाई

पेशावर (आई.पी.एस्./एन्.पी.आई.) – अफगानिस्तानसँगको सीमा क्षेत्र, पाकिस्तानको नर्थ-वेस्ट फन्टियर्स प्रोभिन्स (एनडब्लुएफपी) मा पढ्ने छात्राहरूलाई तालिवानसमर्थक विद्रोहीहरूले बुर्का लगाउन अथवा स्कुल छोड्न चुनौती दिएका छन् ।

मरदान जिल्लास्थिति पारहोतीको कन्या माध्यमिक विद्यालयमा अध्ययनरत सम्पूर्ण छात्राहरूलाई शिरदेखि पाउसम्म शरीर छोपेर अर्थात् बुर्का लगाएर विद्यालय आउँदा-जाँदा हिड्न स्कुल प्रशासनले आदेश गरेको छ । स्कुल प्रशासनले यो आदेश स्लामिक आचारसंहिताको आदेश देखाउँदै सो नियम लागू गरेको हो ।

'त्रसित विद्यार्थीले बुर्का लगाउन सुरु गरेका छन्' सात कक्षामा पढ्ने साफिया नामकी छात्राले स्कुलका प्राचार्यले दिएको मौखिक आदेशका भरमा बुर्का लगाउने गरेको जानकारी दिइन् । उनले आईपीएसलाई भनिन्- जसले पहिला कहिल्यै बुर्का लगाएका थिएनन् त्यस्ता विद्यार्थीका यो नयाँ विषय भएको छ । अभिभावकका रूपमा हामी हाम्रा बालबालिकामाथि आक्रमण नहोस् भन्ने चाहना राख्छौं नै,' दुईटी छोरीलाई बुर्कामा छोपेर विद्यालय पठाउँदै आएका मार्डानका जामिल खानले भने ।

छिमेकी अफगानिस्तानमा तालिवानको प्रभाव रहेको र त्यसको असर सीमा क्षेत्रको पाकिस्तानी भूभागमा पनि देखिने गरेको छ । सीमा क्षेत्रमा आवागमन गर्न सकिने छिद्र मार्गहरू यत्रतत्र रहेकाले छात्राहरूको पढाइ प्रभावित हुन पुगेको छ । इस्लामिक धर्मअनुसार पुरुषको रखवारीमा मात्र महिला हिडडुल गर्न सक्छन् । उनीहरूलाई शिक्षाबाट त वञ्चित गरिन्छ नै साथमा सार्वजनिक रूपमा देखा पर्न पनि दिइँदैन ।

तालिवानसमर्थक सशस्त्र समूहले महिला शिक्षालाई धराशयी बनाउन विभिन्नखाले साधनहरू अपनाउँदै आएको छ । स्कुलमा चुनौतीपूर्ण चिठी पठाउने र एफएम रेडियोहरूबाट चेतावनी दिने काम गरेको छ । हालैमात्र धर्मगुरु मौलाना थाजलुल्लाहले एफएम रेडियोमार्फत बुर्का नलगाए परिणाम गम्भीर हुनसक्ने चेतावनी दिएका छन् ।

'महिलालाई शिक्षा दिनु इस्लामिक कानुनविरुद्ध रहेको छ । इस्लामिक धार्मिक निर्देशनअनुसार महिलाका लागि उनीहरूको घर नै उत्तम पाठशाला हो,' पछिल्लो पटक गएको जुलाई ५ तारिखमा ३८ वर्षीय धर्मगुरुले रेडियोमा प्रवचन दिँदै जानकारी गराए । यस प्रवचनपछि उनी भूमिगत भएका छन् ।

फजलुल्लाहको उग्र प्रवचन पूर्णत: पश्चिमी मुलुकको विरुद्धमा केन्द्रित छ ।

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

हालैमात्र उनले पोलियो विरुद्धको अभियानलाई खुब आलोचना गरेका छन् । उनको आलोचनाकै कारण सीमा क्षेत्रमा पोलियो कार्यक्रम नै असफल बन्न पुगेको छ । घरघरमा गएर पोलियो खोपका सम्बन्धमा ६० हजार कार्यकर्ताले प्रचारप्रसार गर्दा पनि ९६ प्रतिशतभन्दा माथि अर्थात सम्पूर्ण जनतालाई पोलियोबारे जानकारी गराउन सकिएको छैन ।

पाकिस्तान, अफगानिस्तान, भारत र नाइजेरियामा पोलियो परजीवी पूर्ण रूपले निर्मूल हुन सकेको छैन । प्रवचन दिने युवा धर्म गुरु प्रभावशाली धार्मिक नेता तेहरिक निफाज आइसारिह महमदिका छोरी-ज्वाई तेहरिक मौलाना सुफी मोहमद हुन् । उनका भाइ फजल अहमद बाजाउर एजेन्सीको कार्यशाला गोष्ठीमा भएको हवाई आक्रमणमा मारिएका थिए । यो घटना ३० अक्टोबर २००६ को हो । ८० व्यक्ति मारिने गरी भएको सो आक्रमणमा उनका भाइ पनि परे । पाकिस्तानी हवाई-सेनाले सो आक्रमणको जिम्मेवारी लिएपछि उसको तर्क के छ भने, धार्मिक विद्यालयहरूलाई तालिम शिविर का रूपमा सशस्त्र समूहले प्रयोग गरेका कारण अमेरिका तथा नेटोबाट प्राप्त क्षेप्यास्त्र प्रयोग गरियो । अफगानिस्तानको सीमा क्षेत्रमा सबैतिर क्षेप्यास्त्र आक्रमण भएको थियो ।

महिला जगतमा निकै लोकप्रिय रहेका धार्मिक गुरुका स्रोताको संख्या ठूलो छ । इमाम देहरीस्थित अधिकांश परिवारहरू र छिमेकका गाउँलेहरूले आफ्ना छोरीहरूलाई उनकै प्रवचन सुनेपश्चात् विद्यालय पठाउन बन्द गरिदिए ।

स्वातस्थित विद्यालयका शिक्षक फतिमा वर्तमान अवस्थाप्रति निकै चिन्तित छिन् । 'यो भयानक कुरा हो,' पीडापूर्ण अभिव्यक्तिका साथ उनले भनिन् । 'यसरी किशोरीहरूलाई शिक्षाबाट बञ्चित गर्ने काम हुन दुर्भाग्यपूर्ण हो । महिला विकासको प्रयासलाई अवरुद्ध गर्न नङ र मासुमाथि आक्रमण गर्ने काम भएको छ,' फतिमाले आईपीएसलाई फोनमा जानकारी गराइन् ।

उनकाअनुसार प्राथमिक विद्यालय जहाँ उनी पढाउँदै छिन्, मा दुई महिनाअघि करिब २०० विद्यार्थी थिए । त्यो संख्या घटेर अहिले ८० मा झरेको छ । एक अनुमानअनुसार ८ हजार छात्राले गएको दुई महिनाभित्र इमामबेरी, ओजाबान्दा, बाराबान्दा, कबाल तथा चारबाघ क्षेत्रबाट आफ्ना छोरीहरूलाई स्कुल पठाउन बन्द गरेका छन् ।

पाकिस्तानमा महिलाको साक्षरता दर ३२ प्रतिशत मात्र छ । एनडब्लुएफपीमा यो प्रतिशत ३० छ भने आदिबासी जनजातिको प्रशासनिक क्षेत्रमा यो प्रतिशत केवल ३ मात्र छ । आदिवासी क्षेत्र प्रत्यक्ष रूपमा इस्लामावादको प्रशासनको नियन्त्रणमा रहेको छ । आधिकारिक प्रतिवेदनअनुसार एनडब्लुएफपीका स्कुलहरूमा छात्राको भर्ना ३.८ प्रतिशत र आदिवासी जनजाति क्षेत्रमा १.३ प्रतिशत मात्र रहेको छ ।

तालिवानसमर्थकहरू नर्थ-वेस्ट फ्रण्ट प्रोभिन्सको सदरमुकाम पेशावरमा पनि सक्रिय रहेका छन् । त्यहाँको प्रसिद्ध खाइबर मेडिकल कलेज प्रशासनलाई अज्ञात व्यक्तिले फोन गरेर तीन हप्ताभित्र त्यहाँ पढ्ने छात्राहरूले बुर्का लगाएर हिंड्न थालेनन् भने हिंसात्मक कारबाही हुनेछ भनेर धम्की दिएको छ ।

'हामीलाई यस्ता फोन-धम्कीहरू धेरै आउने गरेका छन् । बुर्का लगाउन र छात्र र छात्राको कक्षा पूर्ण रूपले छुट्याउन आदेश दिने गरिन्छ,' कलेजका प्रिन्सिपल प्रा. फाजल अहमदले आईपीएसलाई भने ।

फोन गर्नेहरूले छात्राहरूलाई हयातावाद टाउनसिपको खाइबर गर्लस मेडिकल कलेजमा भर्ना भई पढाइ पूरा गर्न आदेश दिएका छन् । यस कलेजमा पुरुषहरूको प्रवेश हुन पाउँदैन ।

पेशावरको सबैभन्दा ठूलो विश्वविद्यालयका अधिकारीहरूले पनि महिनौंदेखि यस्तै धम्की पाइरहेका छन् । विश्वविद्यालयमा करिब ५ हजार छात्राहरू अध्ययनरत छन् । रेहमात कलाम नामका उप-प्राध्यापकका अनुसार पाँचमा एक छात्राले बुर्का लगाउने गरेका छन् ।

एनडब्लुएफपीका शिक्षा मन्त्री मौलाना फजाल अली जो तालिवानलाई समर्थन गर्ने सञ्जालको सदस्य मुत्ताहिदा माजलिस-इ-अमाल नामक धार्मिक पार्टीका सदस्य हुन्, दाबी गर्छन्- वास्तबमा हामी महिला शिक्षालाई प्रोत्साहन गरिरहेका छौं । दुई वर्षसम्म हामीले विद्यालयका छात्राहरूलाई निशुल्क पोशाक र पाठ्यपुस्तक दिएर पनि सहयोग गर्‍यौं । यसले हामी महिलालाई शिक्षामा लगाउन चाहन्छौं भन्ने पुष्टि गर्दैन र ?

उनले सरकारले कानुन कार्यान्वयनमा समर्पित निकायहरूलाई प्रान्तका कन्या पाठशालाहरूमा सुरक्षा व्यवस्था कडा गर्न आदेश दिएको पनि जानकारी गराए ।

# क्याम्बोडियामा 'मृत्यु मैदान' का खलनायकहरुको खोजी

– मारवान माकान मार्कर

बैंकक (आई.पी.एस्./एन्.पी.आई.) – करिब ३० वर्षसम्म खमेर रुज सरकारले आतङ्कपूर्ण शासन सञ्चालन गऱ्यो । विश्वलाई नै स्तब्ध बनाउने गरी १९७० को दशकमा उसले जाति-हत्याको श्रृखला चलायो । तर, जसरी विवरण बाहिर आयो के त्यसरी नै शासन चलाइएको थियो ?

यस प्रश्नको जवाफ कठिन छ, त्यसैले आजसम्म पनि अनुत्तरित अवस्थामै रहेको छ । यसको जवाफ युद्ध-अपराध हेर्ने अस्थायी अदालतले किनारा लगाउने अपेक्षा गरिएको छ । यसै प्रश्नको जवाफ दिन सघाउने सानो प्रयास भने लामो समयपछि गएको १८ जुलाईमा भएकोछ । संयुक्त राष्ट्रसंघद्वारा प्रायोजित विषेश अदालतले खमेर रुजका पाँच जना नेताको नाम अदालतमा पेश गरिदिएको छ ।

'क्याम्बोडियामा भएको जातिहत्या विवादास्पद विषय बन्दै आएको छ । कानुनी कारबाहीमा संलग्न समुदायले यस मुद्दालाई सहज रूपमा किनारा लगाउन सकिएला भनेर स्वीकार गरेका छैनन्', अस्थायी अदालतका प्रतिरक्षा सहायक शाखाका प्रमुख रूपट स्किलबर्कले टेलिफोन अन्तरवार्तामा नोमपेन्हबाट जानकारी गराए- अदालतले यसको जटिलतालाई ध्यानदिनु पर्छ ।

जातिहत्या सम्बन्धमा स्वीकार गरिएको परिभाषाले 'कुनै जातिगत समूहलाई समाप्त पार्ने, उसको राष्ट्रियता, जात र धर्म अन्त्य गर्ने उद्देश्यले गरिएको हत्या' भनेको छ । सिएरा लिओनका लागि गठित अस्थायी अदालतमा युद्ध अपराध प्रतिरक्षा सल्लाहकार बनेर सेवा पुऱ्याएका बेलायती अधिवक्ताले भने- क्याम्बोडियामा राजनीतिक उद्देश्यले व्यक्तिहरूको हत्या भएको हो, त्यसैले यो जातिहत्याको परिभाषाभित्र पर्दैन ।

यस सन्दर्भमा अन्य प्रश्नहरू पनि छन् । क्याम्बोडियाका अदालतमा विशेष प्रकोष्ठ खडा गरी अस्थायी अदालतको जिम्मेवारी सुम्पिएको छ । सो अस्थायी अदालतले आधिकारिक रूपमा यी विवादास्पद प्रश्नहरूको जवाफ दिनुपर्ने अपेक्षा गरिएको छ । १९७५ को अप्रिल १७ देखि १९७८ को जनवरी ६ सम्ममा खमेर रुजले कति व्यक्तिको निर्दयतापूर्वक हत्या गऱ्यो भन्ने कुराको खोजी क्याम्बोडियाली अस्थायी अदालतहरूले नै गर्नुपर्दछ ।

रुवाण्डामा मारिएका व्यक्तिहरूको सङ्ख्या पनि ठूलो छ । तर, क्याम्बोडियामा मारिएका व्यक्तिहरूको भने संख्या नै जानकारीमा आएको छैन । यही नै चुनौतीको विषय रहेको छ,' स्किल बर्कले जुलाई महिनाको सुरुमा बैंककमा आयोजित पत्रकार भेलामा भने । अफ्रिकी मुलुकहरूमा टुट्सी समुदायलाई हुटु अतिवादीहरूले निर्दयतापूर्वक हत्या गरेको संख्या करिब ८ लाख रहेको अनुमान गरिन्छ । यो हत्या रुवाण्डाको गृहयुद्धका क्रममा भएको हो । जाति-हत्याको यो घटना १९९४ को हो ।

खमेर रुजले १७ लाख क्याम्बोडियालीको हत्या गरेको आरोप लगाइन्छ । यो संख्या दक्षिण-पूर्वी एशियाका मुलुकहरूको त्यस बेलाको जनसंख्याको एक चौथाइ हो । पीडितहरूमध्ये कोही प्रत्यक्ष हत्याको शिकार भएका थिए भने कति असिम श्रम शोषणका कारण मारिएका थिए । कोही खान नपाएर भोकभोकै बस्नु परेका कारण ज्यान गुमाउन विवश भए । माओवादी समूहले मुलुकमा कृषि प्रणालीको विकास गर्ने नाममा सो हत्याको श्रृखला चलाएको थियो ।

क्याम्बोडिया भियतनाममा अमेरिकाले चलाएको युद्धमा तानिएको बेला सो हत्याको श्रृखला चलेको हो । १९६० को दशक तथा १९७० को प्रारम्भ र पछि पनि मृत्युको श्रृखला चलिरह्यो । क्याम्बोडियामा अमेरिकाले बमबारी चलायो, जसले गर्दा चीन खमेर रुजलाई समर्थन गर्न पुग्यो । यसैबीच ठूलो संख्यामा व्यक्तिहरू मारिए ।

'अमेरिकाको गैरकानुनी बम आक्रमणले क्याम्बोडियामा कति व्यक्ति मारिए, कसैलाई थाहा छैन । स्किल बर्कले भने- यस्ता सबै अवस्थाको चित्र अदालती छानबिनका क्रममा बाहिर आउने छन्, त्यसले थुप्रै मुलुकहरूलाई निराश बनाउने छ ।

यस मुलुकको 'हत्या मैदान' का लागि जिम्मेवारीको पहिचान गर्नु अदालतका लागि कठिन कार्य बनेको छ । १० वर्षअघि संयुक्त राष्ट्रसंघ र नोमपेन्हबीच विशेष अधिकार प्राप्त अदालतको प्रकोष्ठ गठन गर्ने सम्बन्धमा कुरा चलेको हो । यस सम्बन्धमा कुरा अगाडि बढ्दै जाँदा १९९७ मा अवरोध सृजना भयो । प्रधानमन्त्री हुनसेनको क्याम्बोडियाली सरकारले सो कुराकानीलाई बीचमै खण्डित बनायो ।

हुनसेन मात्र विशेष अधिकारप्राप्त अस्थायी अदालत गठनको विपक्षमा देखिएनन्, अदालतका लागि लाग्ने खर्च पनि अवरोधको कारण बन्न पुग्यो । मानवअधिकारकर्मी समूहहरूले पनि प्रक्रियागत केही सवाल उठाएर अस्थायी अदालत गठन गर्ने विषयलाई उल्झनमा पारे । युद्ध अपराधको छानबिनका लागि न्यायाधीशहरूको छनोट नोमपेन्हले गर्ने कुरामा मानवअधिकार कर्मीहरू सहमत थिएनन् । विशेष अधिकार प्राप्त क्याम्बोडियाली अस्थायी अदालत अन्य ट्रिब्युनल्सजस्तो थिएन । पूर्व युगोस्लाभियामा मानवताविरुद्धको अपराधबारे अनुसन्धान गर्न गठन गरिएको अस्थायी अदालतजस्तो यो होइन । यो पूर्ण रूपको अन्तर्राष्ट्रिय प्रकृतिको अदालत होइन । यसमा क्याम्बोडियाली र बाहिरका न्यायाधीश रहने गर्दछन् ।

वास्तबमा क्याम्बोडियाको विशेष अधिकार प्राप्त अस्थायी अदालतले क्याम्बोडियाली अधिवक्ता तथा न्यायाधीशहरूको सहभागिताका सम्बन्धमा उठ्ने प्रश्नहरूको पनि किनारा लगाउने अपेक्षा गरिएको छ । अस्थायी अदालतको अनुसन्धान तथा बहस प्रक्रिया र क्याम्बोडियाली न्यायाधीशको हैकम चल्ने सम्भावनालाई लिएर मानव अधिकारकर्मी समूहले आशङ्का गरेका छन् । अन्तर्राष्ट्रिय कानुनको कार्यान्वयन हुने कुरामा उनीहरू आश्वस्त हुन सकिरहेका छैनन् ।

मुलुकको कानुनी तथा अन्य व्यावसायिक समुदाय खमेर रुजबाट निर्दयतापूर्वक सताइएको थियो । अतिवादी माओवादीको मुख्य केन्द्रबिन्दुका रूपमा शिक्षित पुरुष तथा महिला बनेका थिए । खमेर रुजले आफ्नो शासनको पहिलो वर्षमै बौद्धिक समुदायलाई शत्रुवत् व्यवहार गऱ्यो । अर्को शब्दमा राज्यले नै आफ्ना नागरिकमाथि शक्तिको दुरूपयोग गऱ्यो । आतङ्कको वर्षमा केबल नौ जना अधिवक्ता र न्यायाधीश जीवित रहेको अनुमान गरिन्छ ।

१९७० को दशकको अन्त्यमा खमेर रुजबाट भएको नृशंस हत्याबाट बचेका लाखौं क्याम्बोडियाली जनताका आफन्तहरूमा विशेष अधिकारप्राप्त अस्थायी अदालतले न्याय दिन्छ कि भन्ने आश पलाएको छ । 'धेरैको एउटै प्रश्न के भने, खमेर रुजले किन आफ्नै नागरिकको ज्यान लियो र उनीहरूलाई कसरी मारियो भन्ने जिज्ञासा उनीहरूमा रहेको छ । नोमपेन्हस्थित गैरसरकारी संस्था सामाजिक विकास केन्द्रका वरिष्ठ सदस्य इम सोफिया भन्छन्- हामी अदालतबाट यस प्रश्नको जवाफ चाहन्छौं । जवाफ पाइने कुरामा आम जनताको अपेक्षा बढी नै छ ।

शहर तथा ग्रामीण क्षेत्रका जनतामा जुलाईमा भएका घटनालाई लिएर नयाँ उत्साह पलाएको देखिन्छ, टेलिफोन अन्तर्वार्तामा क्याम्बोडियाली राजधानीबाट इम खुलासा गर्दछन् । 'आम नागरिकमा जिज्ञासाको प्रतीक्षा गर्ने धैर्यता टुटिसकेको छ,' उनी भन्छन् ।

जे भएपनि मुद्दाको सुनुवाई खमेर रुजका नेता पोलपोटले गर्ने होइन । उनी १९९८ मै मरिसके । न त क्याम्बोडियाली 'बगरे' भनेर बद्नामी कमाएका ता मोकले नै मुद्दाको फैसला गर्ने हुन् । आक्रोशलाई नृशंस हत्यामा बदल्ने उनको कालरात्रीले बद्नामीको शिखर छोएको थियो । उनी पनि गत वर्षको जुन महिनामा मरिसके ।

विशेष अधिकारप्राप्त अस्थायी अदालतमा प्रस्तुत गरिएका पाँचै नामहरू माओवादी समूहका प्रमुख व्यक्तिका हुन् । क्याम्बोडियाली प्रेसले प्रकाशित गरेको विवरणअनुसार, ती पाँच नामहरू हुन्- पोल पोटका सहायक नोन चेया, खमेर रुजकालका राष्ट्रपति खियु साम्फान, विदेश मन्त्री लेङ्ग सारी र डचको बद्नामपूर्ण उपनामले चिनिने काङ्ग केच इभ, जो नोम पेन्हस्थित बद्नाम जेल टुवल स्लेङ्गकाका प्रमुख थिए, लगायत रहेका छन् ।

# पाकिस्तामा ठूलो बाढी र सानो राहत

– जोफिन इब्राहिम

डाबु (आई.पी.एस्. /एन्.पी.आई.) – 'हामीले आफ्ना सबै सामानको पोका-पन्तरा बनाइसक्यौं, अब हामी यो ठाउँ छोड्दै छौं,' वर्षातको मौसममा मनभरि बाढीको त्रास बोकेर उभिएका ५० वर्षीय अल्लाह राखाले भने । नदीकिनारमा रहेको मेन नारा उपत्यकामा घुमन्ते उपचार शिबिरमा उनी उभिएका थिए ।

अल्लाह राखाको गाउँ नजिकै बाँधिएको बाँधका कारण कुनै पनि बेला बाढीले बग्ने अवस्थामा छ । उनी यहाँ आफूभन्दा अघि गाउँ छोडेर आएका साथीहरू कसरी गुजारा चलाएर बसेका छन् भनेर हेर्न आएका हुन् ।

तारदीप ग्रामीण विकास कार्यक्रम नामको गैरसरकारी संस्थाले खैपुर नाथन शाहको उपजिल्लामा खडा गरिएको शिबिर कराँची शहरको दक्षिणी किल्लाबाट ४ सय किलोमिटर उत्तरमा रहेको सिन्धी प्रान्तको दाबु जिल्लामा रहेको छ ।

'हामीकहाँ अधिकांशतः छाला, पेट र श्वास-प्रश्वाससम्बन्धी रोगका बिरामीहरू आउने गर्दछन्, ग्रामीण विकास कार्यक्रम थारदीपका डाक्टर गुलाम अलीले जानकारी दिए । शिबिरका निरीक्षक पनि रहेका उनले जानकारी गराए, 'पानी उमाल्ने खालको गर्मी छ, पानीमा उभिनु परेको छ, यसै कारणले छालाका समस्याहरू देखापरेका हुन् । यही पानी उनीहरू सरसफाई र पिउनका लागि प्रयोग गर्दछन् । उनले एकै प्रकारका रोगका शिकार व्यक्तिहरू ठूलो संख्यामा रहेको पनि खुलासा गरे ।

'हामीले उनीहरूलाई पानी सफा गर्ने ट्याबलेट उपलब्ध गराएका छौं' महिला स्वास्थ्य निरीक्षक तथा डाक्टरकी सहायक कुलसुम बीबीले भनिन्- कसैले पनि पानी उमालेर नपिउने भएकाले ट्याब्लेट अनिवार्य भएको छ ।

सिन्ध प्रान्तमा १ हजार ४ सयभन्दा बढी गाउँहरू पूर्णरूपले बाढी प्रभावित छन् । अधिकांश दाबु वरिपरि र त्यसभित्रका गाउँहरू बाढीको पानीका कारण सङ्कटग्रस्त छन् । उनीहरूलाई राइट बैंक आउट फल ड्रेन (आरबीओडी) नामको मानव निर्मित नहर जो जिल्ला पार गर्दै अरब सागरमा गएर मिसिन्छ, को त्रास छ ।

बाढीको पानीको गतिका कारण गाउँलेहरूमा त्रास बढेको छ । विभिन्न क्षेत्रहरूमा नहर फुटेको र क्षति पुगेको विवरण प्राप्त भएको छ । दाबु जिल्लाको मेहार र जोही उपजिल्लाहरूमा करिब दुई लाख व्यक्तिहरू प्रभावित भएका छन् । यसैगरी बलोचिस्तान प्रान्तको मान्छर तालका कारण पनि हजारौं बासिन्दाहरू प्रभावित छन् । यदि पानी इन्दुस नदीमा खसाइएन भने जामसोरो, सेहवान, भानसाइदावाद र दाबु बाढीको चपेटमा पर्ने निश्चित छ ।

औपचारिक स्रोतअनुसार बाढीका कारण मर्नेको संख्या ३ सय २ रहेको छ । यसैगरी ३ लाख ७७ हजार ३ सय ९४ व्यक्ति घरबारविहीन भएको, सामुद्रिक आँधी एमइनको प्रभावमा परेको विवरण सोही स्रोतले दिएको छ । खासगरी दक्षिणी पाकिस्तानमा सामुद्रिक आँधीले गएको जुन २३ तारिखमा ताण्डब नृत्य देखाएको थियो । बालुचस्तान र सिन्धीका प्रान्तका क्षेत्रहरू पूर्णतः प्रभावित छन् । सामुद्रिक आँधीका कारण पाकिस्तानको कम विकसित क्षेत्र बढी नै प्रभावित हुँदै आएको छ ।

पाकिस्तानको राष्ट्रिय दैविक प्रकोप व्यवस्थापन निकायका प्रमुख फारुख अहमद खानले गत साता १ सय ५७ व्यक्ति अहिले पनि हराइरहेको, बालुचस्तानमा ३० लाख व्यक्तिहरू प्रत्यक्ष प्रभावित भएको र सिन्ध प्रान्तमा २ लाख नागरिक पीडित बनेको जानकारी गराएका छन् ।

जमिनको विशाल क्षेत्र जसमा सिचाइको सुविधा पुगेको, लामखुट्टे प्रभावित सिमसार क्षेत्र छोडेर गाउँलेहरू उच्च भूभागतिर सरुवा

भएको, बाँस र डोरीबाट बनाएको खाटमा प्लास्टिकका कपडाहरू लगाएर गाउँलेहरू बसेको स्थिति छ ।

एक महिनाभन्दा बढी समयपछि सरकारले बाढी पीडितहरूलाई सहयोग पुऱ्याएको दाबी गरेको छ। अन्तर्राष्ट्रिय दातृ निकायले पनि आ-आफ्ना प्रतिज्ञाहरू पूरा गर्न सकेका छैनन्। 'सरकारले समयमै राहत व्यवस्था मिलाउन नसकेमा ठूलो परिमाणमा मानवीय क्षतिको सम्भावना छ,' टिआरडिपीको सङ्कटकालीन एकाइका नेता लाला नील अम्बरले भने- अवसरको झ्याल छिट्टै बन्द हुँदैछ ।

'विगत धेरै सातासम्म मुलुक लाल मस्जिद मामिलामा अल्झिरह्यो । सरकारका सबै अङ्गहरू इस्लामावाद तिरै केन्द्रित रहे,' टिआरडिपीका निर्देशक सोनु खाङ्गारानीले भने । उनले मस्जिद काण्ड नभएको भए दातृनिकायहरूको ध्यान बाढीग्रस्त क्षेत्रतिर केन्द्रित हुने थियो र पीडित व्यक्तिहरूले राहत पाउने संभावना बढ्ने थियो भन्ने टिप्पणी गरे ।

बाढी पीडतप्रति सरकारको रवैया आलस्यपूर्ण र लज्जाजनक देखियो । राजनीतिक पार्टीहरू र गैससले पनि खास काम गर्न सकेनन्। कसैको काम हल्ला गर्ने मात्र हुन आयो र कसैले काम गर्नभन्दा काम गरेजस्तो देखाउन चाहेको पाइयो । जहाँ उनीहरू पुगे त्यहाँ राहतको आवश्यकता नै थिएन, जहाँ राहतको आवश्यकता थियो त्यहाँ उनीहरू पुग्नै सकेनन् ।

संयुक्त राष्ट्रसंघले जुलाई १७ तारिखका दिन पाकिस्तानमा बाढीले सखाप पारेको करिब ३ हप्तापछि सहायता दिन आग्रह गऱ्यो । उसले ३ करोड ८० लाख अमेरिकी डलरको कोष उपलब्ध गराउने भएको छ ।

गैससको समय र मानव संसाधन गरिबी हटाउन र यथार्थ स्थितिको जानकारी पाउन लगानी भइरहेको छ। बस्तुपालन र आवास, साझेदारको खोजी, आर्थिक स्रोत लगानी गर्ने, पद्धतिको पहिचान र स्रोत उठाउने निकायहरूको प्रदर्शन, सहायता तथा राहतका लागि प्रतीक्षारत बाढी प्रभावित ठूलो संख्याको योगदान विचारणीय रहेको छ । 'यो सम्पूर्ण कार्यका प्रक्रियाहरू पूरा गर्न वास्तवमै समय लाग्छ । तर, हामी दैवी प्रकोपका लागि विशेष कोष बनाएर बस्न नसक्ने व्यक्तिका लागि विदेशी दातृ निकायको मुख ताक्नुको विकल्प रहदैन,' कङ्गारानीले भने ।

कराँचीमा आयोजित पत्रकारसम्मेलन पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) का प्रान्तीय मुख्य मन्त्री साइद क्वाइम अली शाहले सरकारको आलोचना गर्दै भने 'दैवीप्रकोपमाथि राजनीतिक खेल खेल्नु दुर्भाग्यपूर्ण हो ।' उनले सरकारलाई बाढीग्रस्त इलाका निर्वासित प्रधानमन्त्री बेनजिर भुट्टोको निर्वाचन क्षेत्र भएका कारण सरकारले बेवास्ता गर्नु र त्यहाँ पिपिपीले नै राहत पुऱ्याउनु पर्छ भन्ने दृष्टिकोण बनाउनु ठीक होइन ।

'सरकारले जानी-बुझीकन अधिक प्रभावित क्षेत्रबाट पानीको बहाव अन्यत्र लान प्रयास गरेको छ। हाम्रै खर्चले बालीनाली डुबानमा नपरोस् भनेर प्रयास गरिएको छ,' गाउँले अरबाद अलीले भने

निल अम्बरले बर्णन गरे, 'सरकार जिल्लाको सुख्खा क्षेत्रतिर पानी लैजान चाहन्छ। विनास न्यूनतम मात्र होस् भन्ने धारणा उसको रहेको छ । झण्डै २५० खैरपुर नाथन शाह र जोहीका गाउँहरू प्रभावित भएका छन् ।

नियाज हुसेन र उनको सातजनाको परिवार आन्तरिक रूपमा विस्थापित दावुका ८० हजार व्यक्तिभित्र पर्दछन् । उनीहरू सबै खाद्यान्न र आवासको अभावमा बाँचिरहेका छन् । उनी र उनको परिवार दुई सातादेखि खुला आकासमुनि वर्षाको सामना गरिरहेको छ ।

'१० दिनअगाडि हामीले आफ्नो घर गुमायौं तर आजसम्म पनि राहतका लागि कुनै बस्तु प्राप्त भएको छैन,' भीडको बीचबाट हुसेनले भने । उनको वरिपरि उनको भनाइमा सहमति जनाउने टाउकाहरू झुम्मिएका थिए। 'हामी केवल यही गाउँको स्रोत-साधनमा मात्र बाँचिरहेका छौं । बाढीको प्रभावबाट जोगिएका घरधनीहरू पनि गरिब छन्। उनीहरूले पनि कहिलेसम्म हामीलाई खुवाउन सक्लान् र,' उनले भने । मलाई खाना र सुत्नका लागि ओछ्यान अनिवार्य भएको छ। मध्यरातमा बाढीले मेरो भएको जेथो बगाइदियो । जसोतसो हामीले आफ्नो जीवन त बचाउन सक्यौं तर बाँकी केही बचेन। एकै रातमा मैले जीवनभर खर्च गरेर कमाएको सम्पत्ति स्वाहा भयो,' हुसेनले भने ।

'मेरा सबै किताबहरू बाढीले बगायो,' उनका सात वर्षे छोरा मिथुनले थपे । मिथुनको स्वर स्तब्ध वातावरण भङ्ग गर्दै खसेको चरेसको थालको आवाजझैं प्रतिध्वनित भैरह्यो ।

# ब्लगरमाथि खनिएको मलेसियाली सरकार

– बरदान कुप्पुसामी

कुवालालम्पुर (आई.पी.एस्. /एन्.पी.आई.) – औपचारिक गोप्य ऐन (अफिसियल सिक्रेट्स एक्ट (ओएसए) अन्तर्गत एकजना प्रख्यात ब्लगर तथा प्रतिपक्षी नेता अनबर इब्राहिमका वरिष्ठ सहयोगीलाई गरिएको गिरफ्तारीले शान्त र राज्यनियन्त्रित मूलधारका सञ्चारमाध्यम भएको यस मुलुकमा तीव्र गतिमा अघि बढिरहेको ब्लगर समुदायलाई त्रस्त तुल्याएको छ ।

हार्वर्ड विश्वविद्यालयबाट दीक्षित २७ वर्षीय नाथानियल टानलाई संवेदनशील सरकारी सूचना इन्टरनेटमा राखेको अभियोगमा पक्राउ गरिएको थियो । यो ब्लगका लेखकहरूले फैलाएको भनिएको 'अफवाह र झुठ' विरुद्ध सरकारले सुरु गरेको अभियानको एक अङ्ग हो ।

सो तथ्य आन्तरिक सुरक्षा उपमन्त्री जोहारी बहारुमले प्रष्ट पारेका हुन् । ब्लगमा क-कसले लेख्छन् भनेर धुईंपत्ता खोजी गर्न प्रहरीलाई निर्देशन दिइएको उनले बताए ।

बाहारुमले १५ जुलाईमा सरकारी बर्नामा समाचार समितिलाई प्रहरीले टानलाई ब्लगर र वेबमास्टरहरूले इन्टरनेटमा अपलोड गरेको 'राष्ट्रिय नेताविरुद्धको अपमान र झुठ' को अनुसन्धान गर्न पक्राउ गरिएको बताएका थिए । 'हामी प्रहरीले अनुसन्धान गरी वेबसाइटमार्फत अफवाह फैलाउने लेखकहरू पत्ता लगाओस् र दोषीलाई जवाफदेही हुन आग्रह गरोस् भन्ने चाहन्छौं' उनले भने ।

'प्रहरीले ब्लगरहरूलाई मुलुकको छवि धमिल्याउने काम गर्नबाट रोक्नु पर्छ' बहारुमले बर्नामालाई भने ।

सरकारले उसको उल्लीबिल्ली र निन्दा गर्ने, प्रधानमन्त्री अब्दुल्लाह बादावीलाई नालायक प्रशासक भएको तथा सन् २००४ मा सम्पन्न निर्वाचनमा गरेको वाचाअनुरूप भ्रष्टाचारविरुद्ध लड्न र स्वच्छ सरकार चलाउन नसकेको भन्दै निरन्तर प्रहार गर्ने ब्लगर र वेबसाइटविरुद्ध अभियान सुरु गरेको स्पष्ट छ ।

अनबरको नेशनल पिपल्स पार्टीको वेबसाइटको समेत व्यवस्थापन गर्ने टानलाई पक्रने क्रममा प्रहरीले उनको ल्यापटप र डेक्सटप कम्प्युटरसमेत उठाएर लगेको थियो ।

चार दिनसम्मको सोधपुछपछि रिहा भएका टान अधिकारीहरूको एउटा रिले टोलीले निरन्तर आफ्नो ब्लगमा अपलोड गरिएका सामग्रीको विषयमा सोधेको बताउँछन् । 'पछि मैले प्रहरीलाई रिपोर्ट गनुपर्छ र यो केस कसरी अघि बढ्छ मलाई थाहा छैन' रिहापछि उनले आईपीएसलाई भने ।

तत्कालका लागि टान रिहा भए तर, उनीविरुद्ध अभियोग दर्ता गरियो र ओएसए अन्तर्गत दोषी ठहरिए भने उनले भारी जरिवाना र एक वर्षको अनिवार्य जेल सजाय भोग्नुपर्ने सम्भावना टरेको छैन । अन्तर्राष्ट्रिय मानवअधिकारवादी समूह एमनेस्टीका अनुसार ओएसए खासमा क्रुर कानुन हो जसमा आधिकारिक गोप्यतालाई 'अस्पष्ट शब्दमा परिभाषित' गरिएको छ ।

'यसले सरकारी नियन्त्रणमा रहेको सूचनाको अनधिकृत प्रकाशनको नियन्त्रण र जरिवाना गर्न व्यापक अख्तियारी दिन्छ, सूचना कति महत्वपूर्ण छ र त्यो अगाडि नै दुनियाँमा पुगिसकेको छ छैन जस्ता कुराले कुनै अर्थ राख्दैन' एमनेस्टीले आफ्नो वेबसाइटमा भनेको छ ।

यो गिरफ्तारीले एकापसमा उनिएका ब्लगर समुदायमार्फत आश्चर्यजनक प्रतिक्रिया पठाएको छ । उनीहरूमा एकातिर त्रास छ भने अर्कोतिर आक्रोश पनि ।

'टानको गिरफ्तारीले ब्लगर समुदायलाई स्तब्ध पारेको छ' आफैं पनि ब्लगर रहेकी मानवअधिकारकर्मी

एलिजाबेथ वोङ भन्छिन् 'हामी सबैसँग एउटै प्रश्न छ अबको सिकार को ?'

भय स्पष्ट देखिने खालको छ, किनकी टान ब्लगिङ समुदायका प्रभावशाली व्यक्तिको रूपमा देखिएका थिए जो सरकारको खुलेयाम विरोध गरेका कारण प्रख्यात पनि थिए । उनले बहारुमलाई 'काँतर' को संज्ञा दिंदै आफ्नो वेबसाइट (www. jelas.info) मार्फत 'त्यो मान्छेलाई पदच्यूत' गर्न पाठकलाई आग्रह गरेका थिए ।

तीनजना भाडाका गुन्डालाई जेलमुक्त गर्न बहारुमले ५५ लाख मलेसियन रिंगेट (१६ लाख अमेरिकी डलर) घूस खाएको आरोपयुक्त सामग्री इन्टरनेटमा राखिएपछि बहारुममाथि छानबिन भई अघिल्लो साता मात्रै उनले सफाई पाएका थिए ।

टान पक्राउ परेपछि ब्लगरहरूले अनर्थ हुनसक्नेतर्फ होसियारी अपनाए र कयौं टानलाई राखिएको तथा सोधपुछ गरिएको प्रहरी चौकी बाहिर भेला भएर जाग्राम बसे ।

अधिकांश पर्यवेक्षक र राजनीतिक विश्लेषकहरू भन्छन्, वास्तविक निशाना टान मात्रै नभएर अरु ब्लगर र राजनीतिज्ञका आलोचनामा सफल तथा प्रेस स्वतन्त्रतालाई साइबरसम्म पुऱ्याउन दबाब दिनेहरू पनि हुन् ।

चिनियाँ दैनिक पत्रिका ओरियन्टल डेलीले टान पक्राउ परेको समाचार 'श्वेत आतङ्क' शीर्षकमा पहिलो पेजमा छापेर परिस्थितिको राम्रो चित्रण गऱ्यो । सो अखबारले सोधेको थियो 'के ब्लगरविरुद्ध अभियान सुरु भएको हो ?'

राजनीतिक विश्लेषकहरू ब्लगरविरोधी अभियानलाई थोपा थोपा गरी त्रास हुल्ने र यसै वर्षको अन्त्यतिर हुने व्यापक अनुमान गरिएको महत्वपूर्ण आम निर्वाचनअघि राष्ट्रिय नेता, खासगरी बदावीमाथिको सीमाहीन प्रहार नियन्त्रण गर्ने प्रयासको रूपमा हेर्छन् ।

अधिकारीहरूलाई त्रास के पनि छ भने थुप्रै मलेसियालीहरू हल्लाको विस्फोटक मिसावट, कडा विचार र केही तथ्यसमेत पस्किने बैकल्पिक ब्लगतिर आकर्षित भइरहेकोले यसले लाखौं पाठकको मन जित्नेछ ।

इन्टरनेटमा आधारित चिन्तासँगको सार्वजनिक मोह कट्टरपन्थी चिनियाँ पूर्वाग्रहीहरूको उत्साहहीन मिस्कट, पाँचचोसे पात भएको वृक्षलताजस्तै शिक्षित एवं ल्यापटप बोक्ने उदारवादी र पगरी गुथ्ने अरबी पोसाकका कट्टरपन्थी मुस्लिमको रूपमा देखिएका प्रतिपक्षीको भोटमा रूपान्तरित हुन्छ कि हुँदैन भन्ने चाहिँ अस्पष्ट नै छ ।

सन् २००४ मा दुनियाँमा बदावीप्रति उच्च अपेक्षा रहेको बेला गरेको बाचा सारभूत रूपमै पूरा गर्न नसकेको सरकारले स्वीकारेको छ ।

तर, सत्ताधारी नेशनल फ्रन्टको गठबन्धन अनिर्णित मतदाता अनवर नेतृत्वको गठबन्धन, जसले पारदर्शी र जवाफदेही सरकार, मलायालाई मात्रै नभएर दीनहीन सबै मलेसियालीलाई सहयोग गर्न सकारात्मक कारवाही र सबै जातीय विभेदकारी नीतिको अन्त्य गर्ने बाचा गरेको छ, को पछाडि लागेको हेर्न चाहँदैन ।

यो गिरफ्तारीको स्वदेश र विदेश दुवैतिर निन्दा भएको छ । स्वदेशमा अनवर, प्रतिपक्षी विधायक र धेरै गैरसरकारी संस्थाले टानको शीघ्र रिहाइ र ब्लगरविरुद्धको अभियान रोक्न माग गरे ।

पछि निर्दोष ठहरिएको आरोपमा ६ वर्ष जेलमा बिताएका अनवरले 'अव्यावसायिक र ज्यादती भन्दै' टानको गिरफ्तारीको निन्दा गरे ।

अनवर भन्छन्, प्रहरीले टानलाई न पक्राउ पूर्जी दियो न उनको परिवारलाई गिरफ्तारीको कारण नै बतायो । 'यो विपक्षी दलहरूलाई तर्साउन र धम्क्याउनका लागि थियो' उनले आईपीएससित भने 'हामीले हाम्रा परिवर्तनका एजेन्डा जनतासम्म पुऱ्याउन इन्टरनेट प्रयोग गरेका छौं र सरकार चाहिँ इन्टरनेटको पछि लाग्ने ठूलो संख्याका ब्लगर प्रतिपक्षले आर्जन गरेको देखेर चिन्तित छ ।

संसदका प्रतिपक्षी नेता किम किट सियाङ प्रधानमन्त्री बदावीलाई 'गिरफ्तारीपछि अनुसन्धान' सट्टा 'अनुसन्धानपछि गिरफ्तारीको' को नीति लिन सरकारलाई सुझाव दिन्छन् ।

'अब्दुल्लाहले यो कुरा प्रष्ट पार्नु पर्छ कि वर्तमान प्रशासन उनको पूर्व प्रतिबद्धता अनुरूप मानवअधिकार र प्रेस स्वतन्त्रताको पक्षमा छ' लिमले आईपीएससित भने 'ब्लगरको गिरफ्तारीमा लुकेर रहेको निहित मनसाय प्रष्ट देखिन्छ ।'

साउथ इस्ट एसिया प्रेस एलाइन्स (एसइएपीए) र रिपोर्टर्स विदाउट बोर्डर्स दुवैले बदावीलाई मानवअधिकारको सम्मान गर्न र प्रहरीलाई नियन्त्रणमा राख्न सुझाव दिएका छन् ।

'उसलाई पक्रेर अधिकारीहरूले मलेसियाका इन्टरनेट प्रयोगकर्तालाई तर्साउन र आफूले आफैंलाई सेन्सर गरुन् भन्ने चाहेको छ । अहिलेसम्म उनीहरूले आफूलाई धम्की दिने र दुर्वाची अभियोजकका रूपमा सीमित राखेका थिए, हाल आएर उनीहरू अगाडि बढे र दमनको ज्यादै उग्र रूप आगाले' एसइएपीएले वक्तव्यमार्फत भन्यो ।

# तरबारको धार नजिकै पुगेपछि कानुनी सहयोग

– फैजल समथ

कोलम्बो (आई.पी.एस्./एन्.पी.आई.) – सुनुवाईका क्रममा अभियुक्तलाई कानुनी सहायताको अवसर नै नदिई प्राणदण्ड दिने बन्द न्याय प्रणालीप्रति अन्तर्राष्ट्रिय जगतको ध्यान खिचेको छ । शिरच्छेदन गरेर मृत्युदण्ड दिने फैसला सुनाइएकी एउटी श्रीलंकाली नोकर्नीको जीवन बचाउन सकिएका कारण अन्तर्राष्ट्रिय जगतको ध्यानाकर्षण भएको हो । कानुन व्यवसायीले साउदी अरेवियाको अदालतमा १६ जुलाईमा पुनरावेदन गरेर सो उपलब्धि हात पारेका हुन् । उनीहरूको पुनरावेदनकै कारण मृत्युदण्डको नाटकीय स्थगन भएको हो ।

रिजाना नाफिक नामकी १९ वर्षीया कामदारलाई सन् २००५ को मेमा उनले काम गर्ने घरको चार महिने शिशुलाई दिउँसो दूध खुवाउने क्रममा नियतपूर्वक घाँटी थिचेर मारेको आरोप लगाउँदै १६ जुनमा मृत्युदण्डको फैसला सुनाइएको थियो । नाफीकसँग सो फैसलामाथि पुनरावेदन गर्ने म्याद एक महिनामात्र थियो । त्यसो नगरेको खण्डमा तरबारले घाँटी छिनालेर मृत्युदण्ड दिई नाफिकको शव सार्वजनिक प्रदर्शनीमा राखिन्थ्यो ताकी भविष्यका अपराधी निरुत्साहित हुन् ।

अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एमनेस्टी इन्टरनेशनलका अनुसार उनको शिरच्छेदन साउदी अरेवियामा यसै वर्ष मृत्युदण्ड पाएका १०० भन्दा बढीमध्येको एक हुन्थ्यो । साउदीमा जीवनहरण गरिएकामध्ये अधिकांश विदेशी छन् । दुई करोड ७० लाख जनसंख्या रहेको साउदी अरेवियामा ५५ लाख विदेशी छन् । एमनेस्टीका अनुसार गतवर्ष त्यहाँ प्राणदण्ड पाउने ३९ जनामा २६ जना विदेशी थिए ।

अन्तिम घडीमा आएर नाफीकको प्राणदण्ड स्थगित गर्ने काम हङकङमा कार्यालय रहेको एसियाली मानवअधिकार आयोग (एसियन ह्युम्यान राइट्स कमिशन-एएचआरसी) ले गरेको हो । उसले 'असाधारण परिस्थिति अन्तर्गत' एउटा अन्तर्राष्ट्रिय अपिल अभियान सञ्चालन गरेको थियो । आयोगले रियाधस्थित श्रीलंकाली दूतावासको स्वीकृतिसहित अदालतमा मृत्युदण्डको निर्णयविरुद्ध मुद्दा लड्दा साउदी ल फर्मलाई तिर्नुपर्ने खर्च जुटाउने प्रयास थाल्यो ।

'हामीले तोकिएको मितिभित्रै पुनरावेदन दर्ता गरायौं' श्रीलंकाली उप-विदेशमन्त्री हुसेन भाइलाले जुलाइको दोस्रो साताको अन्त्यतिर क्षमादान गराउने उद्देश्यको भ्रमण (मर्सी मिसन) मा रियाद प्रस्थान गर्नुअघि कोलम्बोमा आईपीएससित भने । उनीसँगै नाफीकका अभिभावक र एकजना स्थानीय मुस्लिम नेता पनि साउदी अरब गएका छन् ।

यो एकीकृत अभ्यास हाल कारवाही स्थगनको अवस्थामा रहेकी नोकर्नीलाई बचाउने छुट्टै अवधारणा थियो । उनीहरूले मृतक शिशुका अभिभावकलाई भेट्ने र विभिन्न मध्यस्थकर्ता मार्फत क्षमादान गराउने आशा राखे । उनीहरूले ती महिलालाई जेलमा भेट्ने पनि आशा प्रकट गरे ।

'उनीहरू (अभिभावक) लाई भेट्न सजिलो छैन' उनीहरूले श्रीलंकाली राजदूतलाई भेट्न यसअघि नै इन्कार गरिसकेको उल्लेख गर्दै भाइलाले भने । साउदी कानुनअन्तर्गत मृतकका परिवारजनले मात्रै आरोपित व्यक्तिलाई क्षमादान दिनसक्छन्, मृत्यदण्ड पारित भएपछि उनीहरूले कुरै गर्न इन्कार गरिरहेका छन् ।

नाफिकको ज्यान जोगाउने अन्तर्राष्ट्रिय प्रयासले दोषी ठहऱ्याइएका आप्रवासी कामदारले आफूसँग कानुन व्यवसायीको सहयोग लिने अधिकार छ भन्ने जानेको खण्डमा पनि त्यो काम साउदी अरेवियामा असम्भवप्राय: छ भन्ने कुरा प्रष्ट पार्छ ।

नाफिक श्रीलंकाको गरिब परिवारकी सदस्य हुन् । उनले सो दु:खद् घटना हुनुभन्दा दुई साताअघिबाट मात्र त्यो घरमा काम सुरु गरेकी हुन् ।

उनको पक्षमा कानुनी प्रक्रिया अघि बढाउन सुरुमा दुई लाख ५० हजार साउदी रियाल (६६ हजार अमेरिकी डलर) लाग्ने बताइएकोमा श्रीलंकाली दूतावासले २८ हजार डलर घटाउन छलफल गरेको थियो ।

पुनरावेदनको बाँकी प्रक्रिया अहिले पनि अघि बढ्न सक्छ तर कानुन व्यवसायीहरू आफूलाई आवश्यक पर्ने अन्तिम फैसला लगायतका डकुमेन्ट साउदी अधिकारीहरूले दिऊन् भनेर पर्खिरहेका छन् । पुनरावेदनको समयसीमाभन्दा एक साताअघि पनि श्रीलंकाली दूतावासले यो र कानुन व्यवसायीलाई आवश्यक पर्ने अन्य प्रमुख डकुमेन्टको लागि एउटा 'जरुरी अनुरोध' जारी गरेको थियो ।

यो पुनरावेदन दर्ता गरिएपछि नाफिकले आफ्नो गिरफ्तारीयता पहिलोपटक कानुनी प्रतिनिधि पाएकी हुन् । एएचआरसीका अनुसार सुनुवाईमा उनले स्वतन्त्र कानुन व्यवसायीको सल्लाह पाएकी थिइनन् । गत अप्रिलमा मृत्युदण्ड पाएका चारजना श्रीलंकाली आप्रवासी कामदारको सुनुवाईमा पनि स्वतन्त्र कानुन व्यवसायीको सल्लाह लिने अवसर अभियुक्तले नपाएको एमनेस्टी बताउँछ । थुप्रै केसहरूमा यस्तै हुन्छ र साउदीमा ठूलठूला सजाय हुने विदेशी कामदारको सुनुवाईको सन्दर्भमा यो प्रतिनिधि घटना पनि हुनसक्छ ।

नाफिकलाई बालकको घाँटी थिचेर हत्या गरेको हो भन्ने बकपत्रमा जबरजस्ती हस्ताक्षर गराइएको

थियो। एएचआरसीका अनुसार 'पुलिस चौकीमा उनीप्रति कठोर व्यवहार गरियो । दोभाषे अर्थात के भएको थियो भनेर भन्न सक्ने अन्य व्यक्तिको सहयोग पनि उनले पाइनन्। उनलाई अपराध गरेको स्वीकार्ने कागतमा सही गराइयो र घाँटी थिचेर हत्या गरेको स्वीकारेको सोही बकपत्र पछि अदालतमा पेस गरियो ।'

शिरच्छेदन गरिएका चारजना श्रीलंकालीको हकमा उनीहरूले सुनुवाईका बेला न्यायाधीशलाई आफूहरूलाई प्रहरीले सोधपुछका क्रममा यातना दिएको बताएका थिए । चारजनामध्येका एक, रन्जित डि सिल्भाले आफ्नो शीरच्छेदन हुनुभन्दा एक साताअघि अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था ह्युम्यान राइट्स वाचसितको टेलिफोन अन्तरवार्तामा जबरजस्ती सही गराइएको बकपत्रको आधारमा आफूले मृत्युदण्डको सामना गर्नु नपर्ला भन्नठानेको बताएका थिए ।

ह्युम्यान राइट्स वाचका अनुसार डि सिल्भाले उनको सुनुवाईका क्रममा न्ययाधीशले पुनरावेदन गर्न सक्ने कुराको जानकारी र फैसलाका चारमध्ये एउटा प्रति पनि उपलब्ध नगराएको बताए। एमनेस्टीका अनुसार चारमध्येका एक अभियुक्तले आफूलाई १५ वर्षको जेल सजाय दिइन्छ भन्ने ठानेको विश्वास गरिएको छ ।

नाफीकको केसले साउदी न्यायाधीशको व्यवहारलाई सुक्ष्म अनुसन्धानको घेरामा ल्याएको छ। एएचआरसीका अनुसार नाफीकले सन् २००५ मा साउदी आइपुग्दा आफ्नो उमेर २३ वर्ष नभई १७ वर्ष भएको कुरा न्यायाधीशलाई जानकारी गराएको बताएकी थिइन् । पासपोर्टमा उल्लेखित उनको उमेर वैदेशिक रोजगार एजेन्सीले दिएको गलत विवरणमा आधारित थियो । यसको अर्थ शिशुको मृत्यु हुँदा नाफीक १७ वर्ष मात्रकी थिइन् अर्थात नाबालिग केटी ।

यसको पुष्टि गर्ने मेडिकल जाँच गराउन पनि न्यायाधीश चुकेको मानव अधिकारवादी संस्था बताउँछन्। ८ जुलाईको एउटा विज्ञप्तिमार्फत श्रीलंकाली दूतावासले आफूसँग नाफीक ४ फेब्रुअरी १९८८ मा जन्मेको पुष्टि गर्ने प्रमाणित कागजात रहेको जानकारी गराएको थियो ।

कोलम्बोस्थित अनुमति प्राप्त वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष सुरज डाडेनियाका अनुसार साउदी अरेवियामा रोजगारीको लागि कम्तीमा २२ वर्ष पुगेको व्यक्ति पुगेको हुनुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारीमा पठाउन नक्कली कागजात प्रयोग गर्ने प्रवृत्ति श्रीलंकामा व्यापक छ। केही अनुमान अनुसार रोजगारीका लागि विदेश गएका १० देखि २५ प्रतिशत श्रीलंकाली मुस्लिम महिलाको उमेर तोकिएको भन्दा कम छ र उनीहरू नक्कली कागजात र राहदानीको आधारमा त्यहाँ पुगेका हुन्। अहिले साउदीमा कार्यरत करिब ३ लाख श्रीलंकाली आप्रवासी कामदारमध्ये एक तिहाइ मुस्लिम महिला छन् ।

'रोजगार एजेन्सी मात्रै नभएर गैरकानुनी प्रक्रियामा संलग्न सबै अधिकारी दोषका भागिदार हुन्' डाँडेनियाले भने ।

आप्रवासी कामदारलाई लामो समयदेखि सहयोग गर्दै आएको कोलम्बोस्थित माइग्रेन्ट वर्कर्स सेन्टर (आप्रवासी कामदार केन्द्र) का निर्देशक डेभिड सोयसा नाफीकको केसले पूर्वतयारी र प्रशिक्षणबिनाका आप्रवासी कामदारलाई मध्यपूर्वमा घरायसी काममा कसरी लगाइन्छ भन्ने कुराको व्याख्या गर्ने विश्वास गर्छन्। श्रीलंकाली वैदेशिक रोजगार व्युरो--वैदेशिक रोजगार प्रवर्द्धन गर्ने प्रमुख सरकारी निकाय--ले जम्मा १२ दिनको तालिम प्रदान गर्दछ ।

'यहाँ आप्रवासी कामदारमा उचित तालिमको अभावको समस्या गम्भीर छ। ती नोकर्नीलाई दूध खाने क्रममा निसास्सियो भने शिशुले कसरी डकार्छ भन्ने जानकारी थिएन, जुन सामान्य कुरा हो। प्रशिक्षित नोकर्नीहरूले यो काम सजिलै गर्छन्' उनले भने ।

उनले यो बालबालिका ओसारपसारको केस भएको विश्वास गरे। 'अपराधीलाई दण्ड दिइनु पर्छ' उनले भने ।

साउदी अरेविया बालअधिकार महासन्धिमा हस्ताक्षर गरेको मुलुक हो जस्ले जुनसुकै सदस्य मुलुकलाई १८ वर्षभन्दा कम उमेरमा गरेको अपराधमा मृत्युदण्ड दिन प्रतिबन्ध लगाएको छ। नाफीकको केस पुनरावेदन अदालत सामु आउँदासम्म यो कुरा अज्ञात थियो ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौँ, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :** ____________________
____________________
____________________
____________________


npiktm@wlink.com.np